

किशोरी अधिकार मञ्चले आफ्ना सवाल सम्बोधनका लागि यी अभियानहरू निरन्तर सञ्चालन गरिरहेको छ । विभिन्न संघसंस्था, स्थानीय सरकार र महिला मानव अधिकार रक्षकहरूसँगको सहकार्यमा केही सकारात्मक परिवर्तनहरू भइरहेका छन् । स्थानीयस्तरमा हुने जबर्जस्ती विवाहका घटनाहरूको उजुरी पर्न थालेको छ, किशोरीहरूमा आफ्नो छनौटको अधिकारबारे सचेतना फैलिंदै छ, नागरिकताको सवाल राष्ट्रिय संवादको बिषय बनेको छ, प्रदेश र स्थानीय सरकारले राष्ट्रियस्तरका किशोरी र महिलासँग सम्बन्धित नीतिहरूको स्थानीयकरण गर्दै छन् र स्थानीय सरकारले किशोरीहरूको सवाल सम्बोधनका लागि बजेट विनियोजन गरेको छ । । यसैगरी किशोरी अधिकार मञ्चले अन्य जिल्लाहरूमा पनि आफ्नो संगठन विस्तार गर्दै छ ।

किशोरीको शरीर र यौनिकतामाथि अरूकै नियन्त्रण, जातीय विभेद र छुवाछुत, लैङ्गिक विभेद आदि पितृसत्तात्मक सोचका कारणले अहिले पनि किशोरीहरू शिक्षा, स्वास्थ्य तथा अन्य आधारभूत अधिकारहरूबाट वञ्चित छन् । विभेदको परिणामस्वरूप बालविवाह/कम उमेरमा हुने विवाहको संख्या बढ्दो छ । नेपालले सन् २०३० सम्ममा बालविवाह अन्त्यका लागि अन्तर्राष्ट्रिय जगतमा प्रतिबद्धता पनि गरेको छ । त्यसैले दिगो विकासका सबै लक्ष्यहरू प्राप्त गर्न, सरकारले राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरमा गरेका प्रतिबद्धता हाँसिलका लागि सहयोग गर्न किशोरी अधिकार मञ्च सदैब प्रतिवद्ध छौं ।




# किशोरी अधिकार मञ्च



## संस्थाको परिचय

किशोरी अधिकार मञ्च किशोरीहरूको मानव अधिकार संरक्षण र प्रबर्द्धनका लागि किशोरीहरूद्वारा संगठित किशोरीहरूको सञ्जाल हो । यस मञ्चले समाजमा व्याप्त हानिकारक सामाजिक मूल्य र मान्यताका कारण आफ्नो आधारभूत अधिकारबाट वञ्चित भएका रूपन्देही र कपिलवस्तु जिल्लाको स्थानीय तहमा रहेका किशोरीहरूको सञ्जालीकरण, क्षमता अभिवृद्धि, किशोरी अधिकारका लागि वकालत र सहजीकरण गर्दै आइरहेको छ । किशोरीहरूमाथि हुने संरचनात्मक विभेदविरूद्ध पैरवी गर्ने उदेश्यका साथ २०७५ सालमा स्थापित यस संस्थाले शिक्षा, स्वास्थ्य, सुरक्षालगायतका किशोरीका सवालहरूलाई सम्बोधन गर्न तथा बालविवाह/कम उमेरमा हुने विवाहलाई अन्त्य गर्दै किशोरीहरूको समग्र विकासका लागि विभिन्न रणनीतिक कार्य गर्दै आइरहेको छ ।




त्यसैगरी अन्य जिल्लाहरूमा यस संस्थाले किशोरीहरूको सञ्जालीकरण गर्दै किशोरी अधिकारका लागि सचेतनामूलक कार्यक्रमहरू सञ्चालन गर्दै आइरहेको छ । जसको सवाल उसकै नेतृत्व भन्ने अवधारणाको साथ स्थानीय तह हुँदै प्रदेश र राष्ट्रियस्तरका विभिन्न मञ्चहरूमा आफ्ना सवाल सम्बोधनका लागि मागहरूसहित किशोरीहरूले अभियानमूलक गतिविधिहरू गर्दै आइरहेका छन् ।

## संस्थागत मूल्य मान्यता

यस संस्था हानिकारक समाजिक मूल्य-मान्यता तथा अभ्यासहरूलाई सामाजिक जनचेतना अभिवृद्धिका माध्यमबाट निराकरण गरी किशोरीमैत्री सहयोगी समाज निर्माण गर्न साझा हित, निष्ठा तथा सत्यता, समानता, नियमगत, सर्वोच्चता, विविधताको सम्मान र उत्तरदायित्व तथा जवाफदेहीताको आधारभूत सिद्धान्तमा आधारित रहेको छ ।

## दूरदृष्टि

किशोरीहरूको नेतृत्वमा न्यायपूर्ण र विभेदरहित समाज निर्माणका लागि राष्ट्रियस्तरको सञ्जाल निर्माण गर्ने ।

## सोच

किशोरीहरूको सशक्तीकरणद्वारा नेतृत्व विकास गर्दै न्यायपूर्ण र विभेदरहित समाज निर्माणका लागि नीतिगत पैरवी तथा अभियान सञ्चालन गर्ने ।

## लक्ष्य

१ किशोरी अधिकार मञ्चको क्षमता अभिवृद्धिद्वारा किशोरीहरूको नेतृत्व विकास गर्ने ।
२ सामाजिक रूपान्तरणका लागि किशोरीहरूलाई समूदाय र स्थानीय स्रोतहरूमा पहुँच बढाई किशोरीहरूलाई परिचालन गर्ने ।



## उद्देश्य

- किशोरीहरूको संगठन विस्तार गर्ने ।
- किशोरीहरूको क्षमता अभिवृद्धि गर्ने ।
- स्थानीय स्रोतमाथि किशोरीहरूको पहुँच अभिवृद्धि गर्ने ।
- हानिकारक सामाजिक मूल्य-मान्यताविरुद्ध अभियान सञ्चालन गर्ने ।
- लैङ्गिक समानताका लागि किशोरीहरूको नेतृत्वमा सचेतनामूलक कार्यक्रमहरू सञ्चालन गर्ने ।
- किशोरीहरूको सुरक्षित सार्वजनिक स्थल निर्माणका लागि सचेतना र पैरवीमूलक कार्य गर्ने ।
- किशोरीहरूको परिवारको जीविकोपार्जनका प्रबर्द्धनका लागि सहजीकरण गर्ने ।

## कपिलवस्तु र रूपन्देही जिल्लाका लागि किशोरीहरूले प्राथमिकीकरण गरेका सवालहरू :



बालविवाह / कम उमेरमा हुने विवाह | गतिशिलतामा रोक | यौन दुर्व्यवहार | शिक्षाबाट वञ्चित

## हालसम्म सम्पन्न भएका मुख्य अभियानहरू

- बालविवाहविरूद्धको रणनीतिक योजना, बालिकामैत्री स्थानीय शासनको आधार" अभियान
- बालविवाहविरूद्धको अभियान
- किशोरीहरूको विद्यालय भर्ना अभियान
- नागरिकताका लागि किशोरी अभियान
- महिलाको समानुपातिक समावेशी नेतृत्वको अधिकार : सामाजिक रुपान्तरणको आधार" राष्ट्रव्यापी अभियानमा ऐक्यबद्धता

